कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित र नेपाल सरकार, उद्योग विभागबाट ईजाजतपत्रप्राप्त

रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड
Reliance Spinning Mills Limited

रजिष्टर्ड कार्यालय (कर्पोरेट) : का.म.न.पा. वडा नं. २८, कमलादी, गणेशस्थान, काठमाण्डौं ।
फोन न : ०१-५३४१८५३, ०१-५३२६०८१
इमेल: info@reliancespinningnepal.com वेबसाइट: www.reliancespinningnepal.com

बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताहरुलाई गरिने धितोपत्र निष्काशन सम्बन्धी आह्वानपत्र

कम्पनीको जारी पूँजी रु.१,९०,००,००,०००।- (अक्षरेपी एक अर्ब नब्बे करोड मात्र) को १०.१४ प्रतिशतले हुन आउने रु.१९,२६,६०,०००।- (अक्षरेपी उन्नाइस करोड छब्बीस लाख साठी हजार मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको १९,२६,६०० कित्ता शेयर बुक विल्डिङ्ग विधि मार्फत निष्काशन गर्न लागेको र सो मध्ये ४० प्रतिशत अर्थात ७,७०,६४० कित्ता शेयर बिक्री मूल्य सीमा रु.६०८।०० देखि रु.९१२।०० सम्मभित्र रही नेपाल स्टक एक्सचेञ्ज लि.ले सञ्चालन गर्ने बोलकबोल प्रक्रियामा योग्य संस्थागत लगानीकर्ताहरुलाई सहभागी गराई बोलकबोल प्रणाली मार्फत शेयर बिक्री गरिने ।

योग्य संस्थागत लगानीकर्ताले धितोपत्रको बोलकबोल प्रणाली मार्फत आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यो विवरणपत्र नभई केवल आह्वानपत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०८०/०९/१९ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०८०/०९/२५

योग्य संस्थागत लगानीकर्ताहरुको लागि बोलकबोल मार्फत बिक्री खुल्ला अवधिः

शीलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति :	**२०८०/१०/१० गते देखि**
शीलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः	**२०८०/१०/१४ गते (कार्यालय समय) सम्म**

साधारण लगानी फिर्ता हुने अवधि : ६.८८

डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : १०.७४

बिक्री मूल्य सीमा रु.६०८।०० देखि रु.९१२।०० सम्म ।

धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :

स्वीकृत विवरणपत्र मार्फत बुक बिल्डिङ्ग विधिद्वारा योग्य संस्थागत लगानीकर्ताहरुको लागि छुट्टाइएको शेयरको बोलकबोल मार्फत बिक्री वितरण गर्नका लागि निम्नानुसारका स्थान मार्फत आवेदन फारम दिने व्यवस्था गरिएको छ ।

१. नेपाल स्टक एक्सचेञ्ज लि. को रजिष्टर्ड (कर्पोरेट) कार्यालय, यूएनआई शान्तिमार्ग, भद्रकालि, काठमाण्डौं ।

आफूले लिएको बोलपत्र आवेदन फारम रितपूर्वक भरी शीलबन्दी गरिएको गोप्य बोलपत्र फारम नेपाल स्टक एक्सचेञ्ज लि., यूएनआई शान्तिमार्ग, भद्रकालि, काठमाण्डौंमा बुझाउनु पर्नेछ ।

कम्पनीको विगत तथा आगामी तीन वर्षको वास्तविक तथा प्रक्षेपित वित्तीय विवरणः

विवरण	वास्तविक			आ.व.०८०/८१ असोज मसान्तसम्मको अपरिष्कृत*	प्रक्षेपित		
	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०		आ.व.०८०/८१	आ.व.०८१/८२	आ.व.०८२/८३
प्रति शेयर नेटवर्थ (सम्पत्तिमा पुर्नमूल्यांकन जगेडा र शेयर प्रिमियम बाहेक) (रु.)	१६५।०४	१९२।१२	२४८।६७	२४९।४८	२५०।५१	२६५।३८	३०१।२९
प्रति शेयर आम्दानी (रु.)	५३।९१	६१।१२	५४।३४	०।९६	३२।९०	३२।८९	५३।९३
सञ्चित नाफा/(नोक्सान) (रु. हजारमा)	४३,५२,६३१#	४७,०८,९५९#	५६,३६,७८०#	५६,४०,९४७#	७१,७२,७२९@	७४,१७,५७५@	८०,६२,१५३@

नोटः आ.व. २०७७/०७८ देखि कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय प्रतिवेदन प्रस्तुत गरेको हुँदा आम्दानी, लागत खर्च, ह्रासकट्टी तथा प्रशासनिक खर्चहरु NFRS को मापदण्ड अनुसार लेखाङ्कन गरिएको छ ।
** आ.व. २०८०/०८१ आश्विन मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण व्यवस्थापनबाट प्रमाणित भएको छ ।*
# आर्थिक वर्षहरु क्रमशः ०७७/७८, ०७८/७९, ०७९/८० को वास्तविक तथा आ.व. ०८०/८१ को आश्विन मसान्तसम्मको अपरिष्कृत विवरणमा पुर्नमूल्याङ्कन जगेडा समावेश गरिएको ।
@ आर्थिक वर्षहरु क्रमशः ०८०/८१, ०८१/८२ र ०८२/८३ को प्रक्षेपित विवरणमा पुर्नमूल्याङ्कन जगेडा र शेयर प्रिमियम सहितको विवरण समावेश गरिएको ।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको Issuer Rating गर्नु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट Issuer Rating गराईएको र कम्पनीले "[CARE-NP A - (Is)Æ [Single A Minus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ । "[CARE-NP A - (Is)" [Single A Minus (Issuer)]" ले Adequate Degree of Safety Regarding Timely Serving of Financial Obligations भन्ने बुझिन्छ । केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा "CARE-NP AAA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरु जनाउँछ । Issuer Rating प्रदान गरेको मिति : २०७९/०८/२२ (तदनुसार डिसेम्बर ०८, २०२२), बहाल रहने अवधि: २०८१/०६/१८ (तदनुसार अक्टुबर ०४, २०२४)

१. कम्पनीको नाम :
रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड (Reliance Spinning Mills Limited) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय (कर्पोरेट कार्यालय) काठमाण्डौ महानगरपालिका वडा नं. २८, गणेशस्थान कमलादी, काठमाण्डौंमा रहेको छ । आवश्यकता अनुसार स्वीकृति लिई नेपाल भित्र वा विदेशमा समेत शाखा कार्यालय खोल्न सकिने छ ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड (कर्पोरेट) कार्यालय का.म.न.पा. वडा नं. २८, गणेशस्थान, कमलादी, काठमाण्डौंमा रहेको छ । यस कम्पनीको मुल उद्योग 'ए' ईटहरी नगरपालिका वडा नं. १२, खनार, सुनसरी र शाखा उद्योग 'बि' ईटहरी नगरपालिका वडा नं. ४, दुहाबि, सुनसरीमा रहेको छ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु :

संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड मिति २०५१/०१/२८ गते कम्पनी दर्ता नं. ६२/५०/५१ कम्पनी रजिष्ट्रारको कार्यालयमा लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०५२/०५/१९ मा कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोबार सञ्चालनको ईजाजत प्राप्त गरी कम्पनीले आफ्नो कारोबार निरन्तर सञ्चालन गर्दै आइरहेको छ ।
(२) आधुनिक प्रविधिले सुसज्जित विभिन्न किसिमका धागोहरु उत्पादन गर्ने उद्देश्य उल्लेख भई मुल उद्योग 'ए' को रुपमा यस कम्पनीले मिति २०५१/१२/०६ गते उद्योग विभागबाट मुल उद्योग 'ए' को रुपमा उद्योग दर्ता प्रमाणपत्र (उद्योग दर्ता नं. १८८२/०५१) प्राप्त गरेको छ । यस कम्पनीको प्यान रजिष्ट्रेशन नं.३०००१६३१२ रहेको छ । साथै शाखा उद्योग 'बि' को रुपमा (उद्योग दर्ता नं.१६००।१४।०६९।७०) मितत २०६९/०४/०९ गते उद्योग विभागबाट अनुमति लिई कार्य सञ्चालन गर्दै आएको छ ।
(३) कम्पनीले सुनसरी जिल्लाको ईटहरी नगरपालिका वडा नं. १२, खनारमा मुल उद्योग 'ए' र ईटहरी नगरपालिका वडा नं. ४, दुहाबिमा शाखा उद्योग 'बि' सञ्चालन गरिरहेको छ ।
(४) कम्पनीले मुल उद्योग 'ए' को उत्पादन क्षमता तथा पूँजी वृद्धि सम्बन्धमा उद्योग विभागबाट मिति २०७७/०८/२६ गते पूँजी तथा क्षमता अभिवृद्धि गर्ने अनुमति प्राप्त गरेको छ । मिति २०७९/११/२९ मा भएको संशोधित क्षमता अनुसार कम्पनीको उत्पादनलाई विविधिकरण गरी नयाँ उत्पादन Cotton Yarn ६,३०० मे.टन र Viscose/Synthetic Yarn ६,३०० मे.टनको थप गरि प्रतिदिन १३६ मे. टन भएको छ । साथै वार्षिक क्षमता १६,५६० मे.टन थप हुन गई उद्योगको उत्पादन क्षमता प्रति दिन १८२ मे.टन तथा वार्षिक क्षमता ६५,५२० मे.टन पुग्ने प्रक्षेपण गरिएको छ । त्यसैगरी विद्युत शक्तिलाई समेत २३,००० केभीए पुऱ्याइएको छ ।
(५) कम्पनीले विश्वका प्रतिष्ठित टेक्सटायल मेशिनरी म्यानुफ्याक्चर्स कम्पनीहरु जस्तैः LMW, Savio, Schlafhorst/Saurer, Veejay Lakshmi, Peass, Mylon, Murata & Aalidhra Textool ले प्रयोग गर्ने उच्च प्रविधियुक्त स्पिनिङ्ग प्लान्टबाट धागोको उत्पादन गरिरहेको छ ।
(६) रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड नेपालको धागो उत्पादन गर्ने उद्योगहरुमध्ये रोजगारदाता उद्योगको रुपमा पनि सबैभन्दा ठूलो उद्योग रुपमा रहेको छ । कम्पनीले आफ्नो उत्पादनको ७०-७५ प्रतिशत भन्दा बढी उत्पादनहरु भारत, टर्की, भियतनाम, यू.के. लगायतका विभिन्न मुलुकहरुमा निर्यात गर्दै आएको छ । नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट यस कम्पनीका अध्यक्ष श्री पवन कुमार गोल्याण र युवा प्रबन्ध सञ्चालक श्री अक्षय गोल्याणज्यूलाई निर्यात व्यापारको क्षेत्रमा सबै भन्दा बढि निकासी गरी राष्ट्रिय अर्थतन्त्रको अभिवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याए बापत मिति २०७६/१०/२८ गते महत्वपूर्ण व्यवसायिक व्यक्ति अवार्डबाट समेत सम्मानित गरिएको छ । त्यसैगरी विभिन्न अर्न्तराष्ट्रिय ख्याति प्राप्त संस्थाहरु, HOHENSTEIN Textile Testing Institute GmbH & Co. KG, Schlosssteige 1, Bonnigheim, Germany / CU Inspections & Certifications India Pvt. Ltd., India बाट उच्च गुणस्तरीय उत्पादन गरे बापत अर्न्तराष्ट्रियस्तरको प्रमाणपत्र समेत प्राप्त गर्न सफल भएको हो ।

कम्पनीको प्रबन्धपत्रको दफा (४) अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(१) आधुनिक प्रविधिले सुसज्जित विभिन्न किसिमको धागोहरु बनाउने कारखानाको स्थापना गरी आवश्यकता अनुसार विभिन्न थरीका धागोहरु उत्पादन गर्ने तथा सो को बिक्री वितरण गर्ने मुख्य उद्देश्य हो ।
(२) यस कम्पनीले देशभित्र विभिन्न किसिमको कपडाहरु उत्पादन (तयार) गर्ने, कारखानाहरुको कच्चा पदार्थ धागोको आवश्यकतालाई ध्यानमा राखी विभिन्न थरीका धागोहरु उत्पादन गर्ने उद्देश्य अनुरुप उनि धागो, सुति धागो, पोलिष्टर धागो, एक्रेलिक धागो, भिस्कोस धागो तथा एक अर्कोसँग मिश्रण गरी अन्य विभिन्न रङमा रंगाउने र त्यस सम्बन्धी आवश्यक थप गर्नु पर्ने अन्य सम्पूर्ण कार्य गर्ने गराउने ।
(३) देशको आर्थिक समुन्नतिको निमित्त औद्योगिकरण गर्दै जाने, बेरोजगारी हटाई रोजगारीको अभिवृद्धि गर्ने, आयात प्रतिस्थापन तथा निर्यात मुलक उद्योगको स्थापना गर्ने उद्देश्य अनुरुप मानविय जीवनको अति आधारभुत आवश्यकता मध्ये एक पर्ने कपडा उद्योगहरुलाई आवश्यक पर्ने मुख्य कच्चा पदार्थको रुपमा प्रयोग हुने विभिन्न किसिमका धागोहरु उत्पादन गरी रंगाई स्वदेशमा बिक्री वितरण गर्नुको साथै भारत तथा तेश्रो मुलुकमा समेत निर्यात गरी विदेशी मुद्राको आर्जन गर्नु तथा आयात प्रतिस्थापक उद्योगको स्थापना, विकास विस्तार गर्ने गराउने ।
(४) कम्पनीको उत्पादित धागोहरुको गुणस्तर कायम राख्न तथा अझ गुणस्तर बढाउन प्रयोगशालाको स्थापना गर्ने, विकास गर्ने, विस्तार गर्ने तथा तत्सम्बन्धी गर्नुपर्ने अन्य सम्पूर्ण कार्य गर्ने गराउने ।
(५) कम्पनीको लागि आवश्यक कच्चा पदार्थहरु स्वदेश, भारत तथा तेश्रो मुलुकबाट आवश्यकता अनुसार खरीद गर्ने, आयात गर्ने वा गर्न लगाउने ।
(६) यस कम्पनीको आवश्यकता अनुसार सम्बन्धित विभागको स्वीकृति लिई कम्पनीको उत्पादनलाई टेवा पुऱ्याउने अन्य सहायक कम्पनीहरुको स्थापना गर्नुको साथै विकास विस्तार गर्ने गराउन सक्ने छ ।
(७) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गर्नेछ ।
(८) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको १५ दिनभित्र त्यस्तो अनुमति तथा इजाजत पत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

उद्योगको प्रस्तावित परियोजना (युनिट सी) को NPV, IRR, Payback Period, Discounted Period को गणना निम्नानुसार रहेको छ :

रिलायन्स स्पिनिङ्ग मिल्स लि. (युनिट सी)

(रु. हजारमा)

आ.व.	लगानी	कर पछिको आम्दानी	ह्रासकट्टी	ब्याज	खुद नगद प्रवाह	सञ्चय नगद प्रवाह	PVF @ 10.50%	खुद नगद प्रवाह (छुट सहित)	सञ्चत नगद प्रवाह (छुट सहित)	लगानी फिर्ता गणना			
०	(५,२५०,०००)				(५,२५०,०००)	(५,२५०,०००)	१.००	(५,२५०,०००)	(५,२५०,०००)	(५,२५०,०००)		(५,२५०,०००)	
१		३३५,६४९	१७२,०५०	२७५,६२८	७८३,३२७	(४,४६६,६७३)	०.९०	७०४,९९४	(४,५४५,००६)	५०७,६९९	(४,७४२,३०१)	४५६,९२९	(४७९३०७१)
२		४०८,७३७	२८६,७५०	४८४,०५५	१,१७९,५४२	(३,२८७,१३१)	०.८२	९६७,२२४	(३,५७७,७८२)	६९५,४८७	(४,०४६,८१४)	५७०,२९९	(४,२२२,७७२)
३		४६१,२१५	२८६,७५०	४९४,६६०	१,२४२,६२५	(२,०४४,५०६)	०.७४	९१९,५४३	(२,६५८,२३९)	७४७,९६५	(३,२९८,८४९)	५५३,४९४	(३,६६९,२७८)
४		४८४,०४६	२८६,७५०	४६६,३१०	१,२३७,१०६	(८०७,४००)	०.६७	८२८,८६१	(१,८२९,३७६)	७७०,७९६	(२,५२८,०५३)	५१६,४३३	(३,१५२,८४५)
५		५३२,५१३	२८६,७५०	४०८,५६०	१,२२७,८२३	४२०,४२३	०.६१	७४८,९७२	(१,०८०,४०६)	८१९,२६३	(१,७०८,७९०)	४९९,७५०	(२,६५३,०९५)
६		५९०,०९८	२८६,७५०	३४०,३१०	१,२१७,१५८	१,६३७,५८१	०.५५	६६९,४३७	(४१०,९६९)	८७६,८४८	(८३१,९४२)	४८२,२६६	(२,१७०,८२९)
७		६६१,५०१	२८६,७५०	२५६,१७८	१,२०४,४२९	२,८४२,०१०	०.५०	६०२,२१५	१९१,२४६	९४८,२५१	११६,३०९	४७४,१२६	(१,६९६,७०३)
८		७४२,१३४	२८६,७५०	१६१,४१३	१,१९०,२९७	४,०३२,३०७	०.४५	५३५,६३४	७२६,८८०	१,०२८,८८४	१,१४५,१९३	४६२,९९८	(१,२३३,७०५)
९		८८३,२०९	२८६,७५०	-	१,१६९,९५९	५,२०२,२६६	०.४१	४७९,६८३	१,२०६,५६३	१,१६९,९५९	२,३१५,१५२	४७९,६८३	(७५४,०२२)
१०		८८३,२०९	२८६,७५०	-	१,१६९,९५९	६,३७२,२२५	०.३७	४३२,८८५	१,६३९,४४८	१,१६९,९५९	३,४८५,१११	४३२,८८५	(३२१,१३७)
११		८८३,२०९	२८६,७५०	-	१,१६९,९५९	७,५४२,१८४	०.३३	३८६,०८६	२,०२५,५३४	१,१६९,९५९	४,६५५,०७०	३८६,०८६	६४,९४९
१२		८८३,२०९	२८६,७५०	-	१,१६९,९५९	८,७१२,१४३	०.३०	३५०,९८८	२,३७६,५२२	१,१६९,९५९	५,८२५,०२९	३५०,९८८	४१५,९३७
१३		८८३,२०९	२८६,७५०	-	१,१६९,९५९	९,८८२,१०२	०.२७	३१५,८८९	२,६९२,४११	१,१६९,९५९	६,९९४,९८८	३१५,८८९	७३१,८२६
१४		८८३,२०९	२८६,७५०	-	१,१६९,९५९	११,०५२,०६१	०.२५	२९२,४९०	२,९८४,९०१	१,१६९,९५९	८,१६४,९४७	२९२,४९०	१,०२४,३१६
१५		८८३,२०९	२८६,७५०	-	१,१६९,९५९	१२,२२२,०२०	०.२२	२५७,३९१	३,२४२,२९२	१,१६९,९५९	९,३३४,९०६	२५७,३९१	१,२८१,७०७
१५*		१४,०३९,५०८			१४,०३९,५०८	२६,२६१,५२८	०.२२	३,०८८,६९२	६,३३०,९८४	१४,०३९,५०८	२३,३७४,४१४	३,०८८,६९२	४,३७०,३९९
कूल वर्तमान मूल्य						६,३३०,९८४							

*** Terminal Value = Final NPAT (1+g) / (Ke-g)**

डिस्काउट दर	१०.५०%
वृद्धि दर	२.००%
कूल वर्तमान मूल्य (NPV) (रु. हजारमा)	६३,३०,९८४
परियोजनाको आन्तरिक प्रतिफल दर (IRR)	२२.७१%
लगानी फिर्ता हुने अवधि (Pay Back Period)	६.८८
डिस्काउन्टेड लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period)	१०.७४

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.१,९०,००,००,०००।- (अक्षरेपी एक अर्ब नब्बे करोड मात्र) को १०.१४ प्रतिशत शेयर सार्वजनिक निष्काशनको लागि छुट्याइएकोमा सो अनुसार हुन आउने १९,२६,६०० कित्ता शेयर [७,७०,६४० कित्ता शेयर योग्य संस्थागत लगानीकर्ताहरुको लागि र ११,५५,९६० कित्ता शेयर सर्वसाधारण (कम्पनीमा कार्यरत कर्मचारीहरु समेत)] को लागि बुक विल्डिङ्ग विधि मार्फत निष्काशन गर्न लागिएको हो । योग्य संस्थागत लगानीकर्ताहरु तथा सर्वसाधारणमा शेयर जारी गरी उद्योगमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट समेत प्रतिनिधित्व गराउने उद्देश्यले शेयर जारी गर्न लागिएको हो ।
२. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
३. संकलित पूँजीलाई परिचालन तथा उद्योगको क्षमता विस्तार गरी निर्यात प्रबर्द्धन गरी आयात प्रतिस्थापन गर्दै विदेशी मुद्रा भित्र्याउने ।
४. स्वदेशमा नै रोजगारीको अवसर श्रृजना गरी श्रम शक्तिलाई पलायन हुनबाट रोक्ने ।
५. महिलालाई पनि रोजगारीको अवसर दिलाई आय आर्जनमा आत्मनिर्भर बनाउदै महिलाहरुको जीवनस्तर उकास्नमा मदन पुऱ्याउने ।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.२,६०,००,००,०००।- (अक्षरेपी दुई अर्ब साठी करोड) रहेको छ । उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले २,६०,००,००० (दुई करोड साठी लाख) थान शेयरमा विभाजन गरिएको छ ।
जारी पूँजी : कम्पनीको जारी पूँजी रु.१,९०,००,००,०००।- (अक्षरेपी एक अर्ब नब्बे करोड मात्र) रहेको छ । उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले १,९०,००,००० (एक करोड नब्बे लाख मात्र) थान शेयरमा विभाजन गरिएको छ ।
चुक्ता पूँजी : कम्पनीको चुक्ता पूँजी रु.१,७०,७३,४०,०००।- (अक्षरेपी एक अर्ब सत्तरी करोड त्रिहत्तर लाख चालीस हजार मात्र) रहेको छ । उक्त पूँजीलाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले १,७०,७३,४०० (एक करोड सत्तरी लाख त्रिहत्तर हजार चारसय मात्र) थान शेयरमा विभाजन गरिएको छ । योग्य संस्थागत लगानीकर्ता र सर्वसाधारणलाई रु.१९,२६,६०,०००।- (उन्नाइस करोड छब्बीस लाख साठी हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००।- का दरको १९,२६,६०० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.१,९०,००,००,०००।- (अक्षरेपी एक अर्ब नब्बे करोड मात्र) हुनेछ ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्धपत्रको दफा (६) मा उल्लेख भए अनुसार सर्वसाधारणहरुमा साधारण शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेकोछ :

क्र.सं.	विवरण	शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी	१,७०,७३,४००	१,७०,७३,४०,०००।००	८९.८६०%	शतप्रतिशत
२.	योग्य संस्थागत लगानीकर्ता	७,७०,६४०	७,७०,६४,०००।००	४.०५६%	बुक विल्डिङ्ग विधि मार्फत निष्काशन पश्चात्
३.	सर्वसाधारण (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारीमा रहिरहेका नेपाली नागरिकहरु, कम्पनीका कर्मचारीहरु समेत)	११,५५,९६०	११,५५,९६,०००।००	६.०८४%	सर्वसाधारणमा निष्काशन पश्चात शतप्रतिशत हुने
जम्मा		१,९०,००,०००	१,९०,००,००,०००।००	१००%	

९. आधारभूत शेयरधनी/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम र ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व/प्रतिशत	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/व्यवसाय	अन्य कार्य अनुभव
१.	श्री पवन कुमार गोल्याण का.म.न.पा.-१३ काठमाण्डौं	अध्यक्ष	६५	नेपाली	४१,७१,११४ /२१.९५%	बि.कम.	धागो उत्पादनको क्षेत्रमा २८ वर्षको अनुभव ।	एनएमबि बैंकमा सञ्चालक समितिमा विगत १० वर्ष भन्दा बढी अवधि अध्यक्षको रुपमा कार्यरत, उत्पादन मुलक उद्योगमा ३५ वर्षको कार्यानुभव, बैक तथा वित्तीय संस्थामा २५ वर्षको कार्यानुभव, बीमा कम्पनीमा २० वर्षको कार्यानुभव, हालका दिनमा अर्न्तराष्ट्रियस्तरको ५ तारे होटलमा कार्य अनुभव, पर्यटनमा ५ वर्षको कार्यानुभव, कृषिजन्य उद्योगहरुमा ३ वर्षको कार्यानुभव, उर्जा क्षेत्रमा ४ वर्षको कार्यानुभव, जल विद्युतमा ४ वर्षको कार्यानुभव र विभिन्न सामाजिक संघ संस्थामा आवद्ध रहनुभएको ।
२	श्री शशी कान्त अग्रवाल का.म.न.पा.-९, बत्तिसपुतल, काठमाण्डौ	सञ्चालक	६३	नेपाली	८५,३६,१०० /४४.९३%	बि.कम.	धागो उत्पादनको क्षेत्रमा २८ वर्षको अनुभव ।	विगत ३० वर्षदेखि टेक्सटायल यार्न, जि.आई. पाईप तथा ब्याक पाइप, रड, जस्तापाता, बिम, नट बोल्ट ब्याट्री, साबुन, विभिन्न प्रकारका चकलेट, सुगर लगायतका उत्पादनमुखी उद्योगमा कार्य गरी अनुभव प्राप्त । हालका दिनमा अर्न्तराष्ट्रियस्तरको ५ तारे होटल तथा बैक तथा वित्तीय संस्थामा लगानी गरेको अनुभव । विभिन्न सामाजिक, धार्मिक कार्यहरु, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ नेपाल, नेपाल भारत चेम्वर अफ कर्मस तथा नेपाल चेम्वर अफ कर्मसमा संलग्न भई कार्यानुभव प्राप्त ।
३	श्री अक्षय गोल्याण का.म.न.पा.-१३, काठमाण्डौं	प्रबन्ध सञ्चालक	३५	नेपाली	४३,६५,३८६ /२२.९८%	एम.बि.ए.	धागो उत्पादनको क्षेत्रमा १० वर्षको अनुभव ।	उत्पादन मुलक उद्योगमा ६ वर्षको कार्यानुभव, हालका दिनमा अर्न्तराष्ट्रिय स्तरको ५ तारे होटलमा कार्य अनुभव, पर्यटनमा ५ वर्षको कार्यानुभव र कृषिजन्य उद्योगहरुमा ३ वर्ष कार्यनुभव रहेको ।

सञ्चालकहरुको विवरण

क्र.सं.	नाम र ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व/प्रतिशत	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/व्यवसाय	अन्य कार्य अनुभव
१.	श्री पवन कुमार गोल्याण का.म.न.पा.-१३ काठमाण्डौं	अध्यक्ष	६५	नेपाली	४१,७१,११४ /२१.९५%	बि.कम.	धागो उत्पादनको क्षेत्रमा २८ वर्षको अनुभव ।	एनएमबि बैंकमा सञ्चालक समितिमा विगत १० वर्ष भन्दा बढी अवधि अध्यक्षको रुपमा कार्यरत, उत्पादन मुलक उद्योगमा ३५ वर्षको कार्यानुभव, बैक तथा वित्तीय संस्थामा २५ वर्षको कार्यानुभव, बीमा कम्पनीमा २० वर्षको कार्यानुभव, हालका दिनमा अर्न्तराष्ट्रियस्तरको ५ तारे होटलमा कार्य अनुभव, पर्यटनमा ५ वर्षको कार्यानुभव, कृषिजन्य उद्योगहरुमा ३ वर्षको कार्यानुभव, उर्जा क्षेत्रमा ४ वर्षको कार्यानुभव, जल विद्युतमा ४ वर्षको कार्यानुभव र विभिन्न सामाजिक संघ संस्थामा आवद्ध रहनुभएको ।
२	श्री शशी कान्त अग्रवाल का.म.न.पा.-९, बत्तिसपुतल, काठमाण्डौ	सञ्चालक	६३	नेपाली	८५,३६,१०० /४४.९३%	बि.कम.	धागो उत्पादनको क्षेत्रमा २८ वर्षको अनुभव ।	विगत ३० वर्षदेखि टेक्सटायल यार्न, जि.आई. पाईप तथा ब्याक पाइप, रड, जस्तापाता, बिम, नट बोल्ट ब्याट्री, साबुन, विभिन्न प्रकारका चकलेट, सुगर लगायतका उत्पादनमुखी उद्योगमा कार्य गरी अनुभव प्राप्त । हालका दिनमा अर्न्तराष्ट्रियस्तरको ५ तारे होटल तथा बैक तथा वित्तीय संस्थामा लगानी गरेको अनुभव । विभिन्न सामाजिक, धार्मिक कार्यहरु, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ नेपाल, नेपाल भारत चेम्वर अफ कर्मस तथा नेपाल चेम्वर अफ कर्मसमा संलग्न भई कार्यानुभव प्राप्त ।
३	श्री अक्षय गोल्याण का.म.न.पा.-१३, काठमाण्डौं	प्रबन्ध सञ्चालक	३५	नेपाली	४३,६५,३८६ /२२.९८%	एम.बि.ए.	धागो उत्पादनको क्षेत्रमा १० वर्षको अनुभव ।	उत्पादन मुलक उद्योगमा ६ वर्षको कार्यानुभव, हालका दिनमा अर्न्तराष्ट्रिय स्तरको ५ तारे होटलमा कार्य अनुभव, पर्यटनमा ५ वर्षको कार्यानुभव र कृषिजन्य उद्योगहरुमा ३ वर्ष कार्यनुभव रहेको ।

नोट : कम्पनीको संस्थापक शेयरधनीमा कुनै पनि संगठित संस्था नरहेको हुँदा सञ्चालकहरुले कुनै पनि संगठित संस्थाको प्रतिनिधित्व नगर्ने एवं यस विवरणपत्र मार्फत सर्वसाधारणहरुका लागि शेयर जारी गरे पश्चात् सम्पन्न हुने पहिलो साधारण सभाबाट कम्पनीले स्वतन्त्र सञ्चालक र महिला सञ्चालक नियुक्त गर्नेछ ।

१०. उच्च ब्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	नियुक्ति मिति	कार्यानुभव	शेयर संख्या	अन्य कुनै संगठित संस्थामा गरेको लगानी	सूचीकृत संगठित संस्थामा आधारभुत शेयरधनी
१.	श्री अक्षय गोल्याण का.म.न.पा.-१३, काठमाण्डौ	प्रबन्ध सञ्चालक	एम.बि.ए.	२०७८/०४/०१	उत्पादन मुलक उद्योगमा ७ वर्षको कार्यानुभव, होटल तथा पर्यटनमा ५ वर्षको कार्यानुभव र कृषिजन्य उद्योगहरुमा ३ वर्ष कार्यनुभव रहेको ।	४३,६५,३८६	छ । (तल छुट्टै तालिकामा प्रस्तुत गरिएको छ ।)	
२.	श्री अनिल कुमार सोमानी राजस्थान, भारत	लेखा तथा वित्त प्रमुख/उपाध्यक्ष	चाटर्ड एकाउन्टेण्ट बि.कम.	२०६६/०८/११	बिरला टेक्सटायल मिल्स, भारतमा जि.एम.लेखा तथा वित्त पदको ६ वर्षको कार्यानुभव । रिलायन्स स्पिनिङ्ग मिल्स लि.मा लेखा तथा वित्त प्रमुख/उपाध्यक्ष भई करीव १३ वर्षको कार्य अनुभव ।	नभएको	छैन	छैन
३.	श्री मनिश फरिदाबाद, हरियाणा, भारत	भारत निर्यात र नेपाल बिक्री/(मार्केटिङ्ग), जि.एम.	बि.टेक. इन्जिनियरिङ्ग	२०७४/०४/१७	M/s Shree Rajathan Synthetic Ltd., India मा २ वर्षको कार्यानुभव, M/s RSWM मा ५ वर्षको कार्यानुभव, M/s Vardman मा ३ वर्षको कार्यानुभव, रिलायन्स स्पिनिङ्ग मिल्स लि.मा भारत निर्यात मार्केटिङ्ग तर्फ जि.एम.भई ५ वर्ष भन्दा बढीको कार्यानुभव ।	नभएको	छैन	छैन
४.	श्री नरेन्द्र अशोक यरुणकर महाराष्ट्र, भारत	तेश्रो मुलुक निर्यात/मार्केटिङ्ग, जि.एम	वि.कम. (डिप्लोमा ईन बिजनेश एड्मिनिष्ट्रेशन)	२०८०/०७/१५	धागो उद्योगसँग सम्बन्धित विभिन्न बहुराष्ट्रिय कम्पनीहरुमा ३१ वर्षको कार्यानुभव ।	नभएको	छैन	छैन
५.	श्री रबिन्द्र बस्नेत हे.उ.म.न.पा.-१८, मकवानपुर	कम्पनी सचिव	एम.फिल अर्थशास्त्र एल.एल.बि. /बि.एड	२०७८/०४/०१	पञ्चकन्या समुहमा प्रशासन अधिकृत तथा प्रबन्धक भई ८ वर्ष भन्दा बढीको कार्य अनुभव । घोराही सिमेन्ट ईन्डष्ट्रिज लि.मा लाइजनिङ्ग प्रबन्धक तथा कानुन विभाग प्रमुख भई २ वर्ष भन्दा बढीको कार्य अनुभव । हाल रिलायन्स स्पिनिङ्ग मिल्स लि.मा ३ वर्षदेखि कम्पनी सचिव पदमा कार्यरत ।	नभएको	छैन	छैन
६.	श्री अश्विनी मित्तल उत्तर प्रदेश, भारत	प्रमुख कार्य सञ्चालन अधिकृत	B.Tech. (Engineering)	२०७९/०९/०६	भारतका विभिन्न धागो मिल्स लगायतमा प्रोडक्सनसँग सम्बन्धित काममा कुल २२ वर्षको कार्य अनुभव रहेको । रिलायन्स स्पिनिङ्ग मिल्स लि.मा ७ महिनाको कार्यानुभव भएको ।	नभएको	छैन	छैन
७.	श्री महेश कुमार पोखरेल इटहरी उ.म.न.पा.-११, सुनसरी	उपाध्यक्ष (प्रशासन)	B.COM./PGD (HRM)	२०५३/०३/१७	रिलायन्स स्पिनिङ्ग मिल्स लि.मा २६ वर्ष भन्दा बढिको कार्यानुभव भएको ।	नभएको	छैन	छैन
८.	श्री मनोज कुमार कटियार भारत	उपाध्यक्ष (उत्पादन)	B.Tech.	२०५३/११/०१	रिलायन्स स्पिनिङ्ग मिल्स लि. को प्रोडक्सन विभागमा २५ वर्ष भन्दा बढीको कार्यअनुभव । भारतको विभिन्न स्पिनिङ मिल्समा प्रोडक्सनसँग सम्बन्धित कामको अनुभव ।	नभएको	छैन	छैन
९.	श्री सुरिन्दर जीत खुर्मि पञ्जाब, भारत	Vice President (Engineering)	B.Tech./ MBA	२०७८/०३/१८	धागो मिल्स लगायतको कम्पनीमा इन्जिनियरिङसँग सम्बन्धित २५ वर्षको कार्य अनुभव । सन् २०१३ देखि ISIN Lanka Pvt. Ltd. मा इन्जिनियरिङ प्रमुखको रुपमा कार्य गरेको अनुभव । रिलायन्स स्पिनिङ्ग मिल्स लि.मा २ वर्षको कार्यानुभव भएको ।	नभएको	छैन	छैन

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति गठन हुने व्यवस्था रहेको छ । जस अनुसार सञ्चालक समिति देहाय बमोजिम रहेको छ :

संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालक	३ जना
सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने सञ्चालक	१ जना
स्वतन्त्र व्यवसायिक सञ्चालक	१ जना
जम्मा	५ जना

नोटः कम्पनीले बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ता र सर्वसाधारणमा धितोपत्रको सार्वजनिक निष्काशन भई बाँडफाँट भए पश्चात् कायम हुने शेयरधनीहरु समेतको उपस्थितिमा सम्पन्न हुने साधारण सभा पश्चात् सञ्चालक समितिको संरचना नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार हुनेछ । हाललाई स्वतन्त्र व्यवसायिक सञ्चालकको पद रिक्त रहेको छ ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनुपर्नेछ, तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने यो व्यवस्था लागू हुने छैन भन्ने उल्लेख भएको छ । सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरीद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

१३. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण:

वासलात

(रकम रु. हजारमा)

विवरण	वास्तविक			*आ.व.०८०/८१ असोज मसान्त	प्रक्षेपित		
	आ.व.२०७७/७८	आ.व.२०७८/७९	आ.व.२०७९/८०		आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व. २०८२/८३
सम्पत्ति							
गैर चालु सम्पत्ति							
सम्पत्ति, औजार तथा उपकरण	६८,६१,२९८	६७,६६,८०४	९४,५९,६४६	९६,०२,३१३	९२,४१,५७३	८७,९३,००२	१,३४,२०,३०६
पूँजीगत कार्य प्रगति	५४,३२१	२,०३,६१५	२,२६,७५८	-	-	-	-
अधिकार प्रयोग सम्पत्ति	-	९,४०६	५,१९७	११,०९८	२२,४०६	१६,८०४	११,२०३
अमूर्त सम्पत्ति	५३८	३५८	१७९	१३४	-	-	-
लगानी योग्य सम्पत्ति	-	-	-		-	-	-
वित्तीय सम्पत्ति	-	-	-		-	-	-
अन्य वित्तीय सम्पत्ति	१,५९१	१,६११	२,३९६	२,३९६	२,३९६	२,३९६	२,३९६
जम्मा गैर चालु सम्पत्ति	६९,१७,७४८	६९,८१,७९४	९६,९४,१७६	९६,१५,९४१	९२,६६,३७५	८८,१२,२०२	१,३४,३३,९०५
सम्पत्ति							
स्थिर सम्पत्ति	-	-	२५,६४,१०२		-	-	-
व्यापार मौज्दात	१५,९२,५६१	१९,२२,३१६	-	२५,७२,९५०	१८,८४,०४३	१९,२८,८५९	२६,१०,६१०
वित्तीय सम्पत्ति	-	-	१२,९३,९४८		-	-	-
व्यापारबाट प्राप्त	१०,४८,५४६	१०,९२,४८९	१,६०,८११	१३,३३,१२८	२३,०४,६२१	२३,६२,२२५	३२,१०,३०२
नगद तथा नगद बराबरको मौज्दात	१,१९,२३८	१,१३,७०९	४,९३,८१९	७५,३९६	२४,३४,९३४	२७,३७,८४९	१७,९६,९३३
अन्य वित्तीय सम्पत्ति	१,५७,२५१	२,०६,१७४	२,७९,९५८	६,६५,२००	१,९३,१६२	१,९७,९६५	२,४५,३९३
अन्य स्थिर सम्पत्ति	५३,२५६	७७,५४३	१२,७९७	३,८०,७३२	१,४६,२३०	१,४४,१३१	१,५०,१८२
चालु कर सम्पत्ति	-	१६,१२२	४८,०५,४३६	२९,९४५	-	-	-
जम्मा स्थिर सम्पत्ति	२९,७०,८५१	३४,२८,३५३	१,४४,९९,६११	५०,५७,३५१	६९,६२,९९१	७३,७१,०२८	८०,१३,४२०
जम्मा सम्पत्ति	९८,८८,५९९	१,०४,१०,१४७		१,४६,७३,२९१	१,६२,२९,३६५	१,६१,८३,२३०	२,१४,४७,३२५
गैर चालु दायित्व							
वित्तीय दायित्व							
सापटी	१३,०६,४७१	१२,००,२७३	३४,५२,५५५	३४,३०,७६८	३०,७४,८४७	२६,५४,२३३	५८,४८,९०३
लिज दायित्व	-	५,५७४	६,३१३	८,६९५	२१,०१७	१४,९५६	८,१२६
अन्य वित्तीय दायित्व	२,३२३	२,०१४	१,८७५	१,८७५	१,८७५	१,८७५	१,८७५
स्थगन कर दायित्व (खुद)	८०,५४९	८२,४८०	७७,५४४	७७,५४४	७७,५४४	७७,५४४	७७,५४४
नोक्सानी व्यवस्था	१७,६२९	१७,७०७	१९,७३३	२०,७०५	२१,७०६	२३,८७६	२६,२६४
जम्मा गैर चालु दायित्व	१४,०६,९७१	१३,०८,०४७	३५,५८,०२०	३५,३९,५८८	३१,९६,९९०	२७,७२,४८५	५९,६२,७१३
चालु दायित्व							
वित्तीय दायित्व							
सापटी	१४,६४,०२६	५,२८,५८४	१४,३३,५८४	१८,५८,०३४	२३,७६,६५१	२४,७३,५५७	३४,०१,३२३
व्यापार बापत तिर्नुपर्ने	२,३८,३२८	२,५४,२२४	३,२६,१३०	२,९२,३६३	२,८७,९६८	२,७६,६८०	३,२६,८६१
लिज दायित्व	-	७,३५१	१,०३८	४,२०९	४,८५४	६,०६१	६,८३०
अन्य वित्तीय दायित्व	५,४३,०५३	१६,७५,५४८	१६,६९,१२७	१४,६५,७०६	११,४५,०१७	११,८६,०५३	१५,७९,८८६
अन्य चालु दायित्व	५८,३१६	७५,१५४	२८,८३२	२५,८८२	२६,७६१	२४,९०४	२३,२४२
चालु कर दायित्व (खुद)	११,६६४	-	-	-	-	-	-
नोक्सानी व्यवस्था	१,०६,२७०	१,४४,९४०	१,३८,७५९	१,३९,२२२	१,१८,३९६	१,२५,९१५	१,८४,३१७
जम्मा चालु दायित्व	२४,२१,६५७	२६,८५,८०१	३५,९७,४७१	३७,८५,४१६	३९,५९,६४७	४०,९३,१७०	५५,२२,४५९
जम्मा दायित्व	३८,२८,६२८	३९,९३,८४८	७१,५५,४९१	७३,२५,००४	७१,५६,६३६	६८,६५,६५५	१,१४,८५,१७२
पूँजी							
शेयर पूँजी	१७,०७,३४०	१७,०७,३४०	१७,०७,३४०	१७,०७,३४०	१९,००,०००	१९,००,०००	१९,००,०००
शेयर प्रिमियम	-	-	-	-	१२,५२,२९०	१२,५२,२९०	१२,५२,२९०
जगेडा कोष	-	-	-	-	२८,५९,६८३	३१,४२,२२४	३८,२४,४९६
जगेडा कोषको पुनरमुल्यांकन	-	-	-	-	३०,६०,७५६	३०,२३,०६१	२९,८५,३६७
अन्य पूँजी	४३,५२,६३१	४७,०८,९५९	५,६३,६७८०	५६,४०,९४७	-	-	-
जम्मा पूँजी	६०,५९,९७१	६४,१६,२९९	७३,४४,१२०	७३,४८,२८७	९०,७२,७२९	९३,१७,५७५	९९,६२,१५३
जम्मा दायित्व र पूँजी	९८,८८,५९९	१,०४,१०,१४७	१,४४,९९,६११	१,४६,७३,२९१	१,६२,२९,३६५	१,६१,८३,२३०	२,१४,४७,३२५

नाफा-नोक्सान हिसाब

(रकम रु. हजारमा)

विवरण	वास्तविक			*आ.व.०८०/८१ असोज मसान्त	प्रक्षेपित		
	आ.व.२०७७/७८	आ.व.२०७८/७९	आ.व.२०७९/८०		आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व. २०८२/८३
सञ्चालनबाट मुनाफा	७७,९२,३१९	१,०१,०४,४६३	१,००,०५,८१०	२५,६६,४८४	१,१८,५२,३३८	१,२१,४८,५८४	१,६५,१०,१२४
बिक्री लागत	(६३,४५,९१४)	(८१,२६,३१४)	(८२,३७,१११)	(२३,४५,५९६)	(१,००,८९,४७४)	(१,०३,३३,५८९)	(१,३८,८२,६७४)
कूल नाफा	१४,४६,४०५	१९,७८,१४९	१७,६८,६९९	२,२०,८८८	१७,६२,८६४	१८,१४,९९५	२६,२७,४५०
अन्य आम्दानी#	६१,१४०	३१,९९८	३७,४८०	८,०१९	५,०००	५,०००	५,०००
बिक्री तथा वितरण खर्च	(१,५७,४५५)	(३,३२,५७८)	(१,९१,५४४)	(३२,३३३)	(२,०५,०६६)	(२,१०,२०६)	(२,७४,५५३)
प्रशासनिक खर्च	(३,३८,०५६)	(३,६७,०७७)	(३,७४,२९१)	(६१,६६०)	(३,४३,०५२)	(३,५२,७५९)	(४,०३,२४०)
सञ्चालन नाफा	१०,१२,०३३	१३,१०,४९२	१२,४०,३४३	१,३४,९१४	१२,१९,७४७	१२,५७,०३०	१९,५४,६५८
वित्तीय लागत	(१,२५,४२५)	(१,४४,७३१)	(२,४९,००६)	(१,३०,७४७)	(५,०४,४९९)	(५,४२,१०३)	(७,८२,३७२)
नाफा/(घाटा)	८,८६,६०९	११,६५,७६१	९,९१,३३७	४,१६७	७,१५,२४८	७,१४,९२७	११,७२,२८६
आयकर खर्च	(१,३१,७०३)	(१,२२,२४०)	(६३,५१६)	-	(९०,१२१)	(९०,०८१)	(१,४७,७०८)
नाफा/(घाटा)	७,५४,९०५	१०,४३,५२१	९,२७,८२१	४,१६७	६,२५,१२७	६,२४,८४६	१०,२४,५७८
प्रति शेयर आम्दानी	५३.९१	६१.१२	५४.३४	०.९६	३२.९०	३२.८९	५३.९३

*आ.व.२०८०/०८१ असोज मसान्तसम्मको अपरिष्कृत वित्तीय विवरण हुन् ।

#आ.व. २०८०/०८१ को आश्विन मसान्तसम्मको वित्तीय विवरण अनुसार अन्य आम्दानी रु.८० लाख रहेको र उक्त आय रकमलाई वर्गिकरण गर्ने क्रममा आ.व.२०८०/०८१ को प्रक्षेपित वित्तीय विवरणमा उक्त वर्गिकरण परिवर्तन भइ केहि आय रकमहरु अन्य आम्दानीमा समावेश नभएको कारण अन्य आम्दानी बापतको रकम न्युनतम ५० लाख हुने प्रक्षेपण गरिएको ।

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ :

१. ***ब्याजदर :***
कर्जा लगानी अवधिभर तल उल्लेखित कर्जा शिर्षकमा ब्याजदर स्थिर हुने प्रक्षेपण गरिएको ।
- USD दिर्घकालिन ऋण : ८%
- NPR दीर्घकालिन ऋण : १०.५%
- चालु पूँजी ऋण : १०.५%

२. ***आयकर दरः***
आयकर ऐन, २०५८ को दफा ११ को व्यवस्था बमोजिम आयमा १२.६०%

३. प्रशासनिक खर्च उचित दरमा वार्षिक वृद्धि हुने अनुमान गरिएको छ । साथै, कर योग्य मुनाफाको १० प्रतिशत रकम कर्मचारी वोनस व्यवस्थाको लागि छुट्टयाइएको छ ।

४. ***ह्रास कट्टी :***
स्थिर सम्पत्तिको ह्रास कट्टी सम्पत्तिको जीवन अवधि अनुसार गणना गरी समदर प्रणाली (Straight Line Method) अनुसार कट्टी गरिएको छ ।

५. ***उत्पादन तथा बिक्रीको परिमाण :***
आगामी तीन वर्षको जम्मा बिक्रीको परिमाण निम्न अनुसार लिइएको छ :

विवरण	आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व.२०८२/८३
क्षमता उपयोग(प्रतिशतमा)	८०	८२	७८
जम्मा बिक्री (मे.टन)	३९,१६६	४०,१४६	५१,०६१
निर्यात बिक्री (मे.टन)	२८,१६२	२८,८६६	३३,५४४
स्थानिय बिक्री (मे.टन)	११,००४	११,२८०	१७,५१७

६. ***कच्चा पदार्थको प्रयोग :***
आगामी तीन वर्षको जम्मा कच्चा पदार्थको प्रयोग निम्न अनुसार लिइएको छ :

उत्पादन	आ.व.२०८०/८१	आ.व.२०८१/८२	आ.व.२०८२/८३
Acrylic Fibre (मे.टन)	५,५९५	५,१३५	५,८७५
Polyester Fibre (मे.टन)	२३,०३७	२३,६१३	२६,६२३
Viscose Fibre (मे.टन)	७,२७४	७,४५६	७,६३८
Cotton Fibre (मे.टन)	१,६६२	१,७०४	९,४५१
Partially Oriented Yarn (मे.टन)	२,३०२	२,३६०	२,४१८
जम्मा (मे.टन)	३९,८७०	४०,८६८	५२,००५

७. ***नगद अनुदान :***
निर्यातमा नेपाल सरकारले उपलब्ध गराउने ८% अनुदान रकमलाई बिक्री रकममा समावेश गरिएको छ ।

८. ***मौज्दात अवधिः***

क्र.सं.	विवरण	दिन
१	कच्चा पदार्थ	४३
२	WIP	७
३	तयारी उत्पादन	३०

९. ***व्यापार बापत लिर्नुपर्ने अवधि :*** ७० दिन
१०. ***चालु पूँजी कर्जा :*** चालु पूँजीको ८० प्रतिशत

सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :

विवरण	वास्तविक			अपरिष्कृत* आ.व.०८०/८१ असोज मसान्त	प्रक्षेपित		
	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०		आ.व.०८०/८१	आ.व.०८१/८२	आ.व.०८२/८३
प्रति शेयर नेटवर्थ (सम्पत्तिमा पुर्नमूल्याङ्कन जगेडा र शेयर प्रिमियम बाहेक) (रु.)	१६९।०४	१९२।१२	२४८।६७	२४९।४८	२५०।५१	२६५।३८	३०१।२९
प्रत्येक आय वर्ष खूद मुनाफा/(नोक्सान) (रु.हजारमा)	७,५४,९०५	१०,४३,५२०	९,२७,८२१	४,१६७	६,२५,१२७	६,२४,८४६	१,०२४,५७८
प्रत्येक आय वर्ष प्रति शेयर आम्दानी (रु.)	५३।९१	६१।१२	५४।३४	०।९६	३२।९०	३२।८९	५३।९३

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औषत प्रतिफल देहाय बमोजिम रहेको छ :

विवरण	वास्तविक			अपरिष्कृत* आ.व.०८०/८१ असोज मसान्त	प्रक्षेपित		
	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०		आ.व.०८०/८१	आ.व.०८१/८२	आ.व.०८२/८३
चुक्ता पूँजी (रु.हजारमा)	१७,०७,३४०	१७,०७,३४०	१७,०७,३४०	१७,०७,३४०	१९,००,०००	१९,००,०००	१९,००,०००
जगेडा तथा कोषहरु (सम्पत्तिमा पुर्नमूल्याङ्कन जगेडा बाहेक) (रु.हजारमा)	११,७८,७९२	१५,७२,८१४	२५,३८,३३०	२५,५२,१०२	२८,५९,६८३	३१,४२,२२४	३८,२४,४९६
सम्पत्तिमा पुर्नमूल्याङ्कन जगेडा कोष (रु.हजारमा)	३१,७३,८३९	३१,३६,१४५	३०,९८,४५०	३०,८८,८४५	३०,६०,७५६	३०,२३,०६१	२९,८५,३६७
धितोपत्र प्रिमियम (रु.हजारमा)	-	-	-	-	१२,५२,२९०	१२,५२,२९०	१२,५२,२९०
कुल नेटवर्थ (रु.हजारमा)	६०,५९,९७१	६४,१६,२९९	७३,४४,१२०	७३,४८,२८७	९०,७२,७२९	९३,१७,५७५	९९,६२,१५३
शेयर संख्या (हजारमा)	१७,०७३	१७,०७३	१७,०७३	१७,०७३	१९,०००	१९,०००	१९,०००
प्रति शेयर नेटवर्थ (सम्पत्तिमा पुर्नमूल्याङ्कन जगेडा समेत) (रु.)	३५४।९४	३७५।८२	४३०।१६	४३०।४०	४७७।५१	४९०।४०	५२४।३२
नेटवर्थमा औषत प्रतिफल (सम्पत्तिमा पुर्नमूल्याङ्कन जगेडा र शेयर प्रिमियम बाहेक) (प्रतिशतमा)	१५.१९	१६.२६	१२.६३	०.२२	०६.८९	०६.७१	१०.२९
निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्युनतम प्रतिफल (प्रतिशतमा) २०८० आषाढ अनुसार							१२.६३%

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : १४.६९%

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनी एस.ए.आर.एसोशिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, विशालनगर, काठमाण्डौंबाट प्रमाणित भएको हो । कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो ।

१४. सकारात्मक पक्षहरु :

१. निजी क्षेत्रको लगानीमा खुलेको झण्डै २९ वर्ष पुरानो लिमिटेड कम्पनी भएको ।
२. देशमा व्यापार घाटा र बैदेशिक ऋणको भारको मारमा नेपाली जनता र आयातमुखी देशको वर्तमान आर्थिक अवस्थामा यस कम्पनीले आफ्नो उत्पादनको करीब ७०-७५ प्रतिशत हिस्सा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने ठूलो निर्यातमुखी उद्योगको रुपमा रहेको ।
३. करीब ३,५२० भन्दा बढी कामदार तथा कर्मचारीलाई प्रत्यक्ष रोजगार दिने मुलुकको ठुलो रोजगारदाता कम्पनीको रुपमा रहेको ।
४. विश्वस्तरको उच्च प्रविधियुक्त मेशिन तथा उपकरण जडित उद्योगको रुपमा रहेको ।
५. उच्च गुणस्तरिय विभिन्न धागो उत्पादन गर्ने उद्योगको रुपमा रहेको ।
६. उच्च व्यवस्थापकिय व्यवस्थापन तथा दक्ष अनुभवी कर्मचारीहरु तथा कामदारहरु रहेको ।

१५. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

कम्पनीले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गरिएको छ । यस सन्दर्भमा जोखिमहरुलाई कम्पनीको आन्तरिक वा व्यवसाय/उद्योगसँग प्रत्यक्ष अथवा कम्पनीको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गरिएको छ । संगठित संस्थाले बहन गर्ने जोखिमहरु देहाय बमोजिम रहेका छन् :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
कम्पनी सञ्चालनमा आइसकेको साथै संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भै सकेको र बैकबाट समेत ऋण प्राप्त भैरहेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम कम रहेको ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
- धागो उत्पादनको लागि चाहिने कच्चा पदार्थ कम्पनीसँग प्रयाप्त मात्रामा मौज्दात रहेको ।
- उद्योगलाई चाहिने अन्य कच्चा पदार्थहरुको अभाव हुन नदिन कम्पनीले आवश्यकतानुसार मौज्दात राख्ने व्यवस्था मिलाएको ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
हालको अवस्थामा कम्पनीबाट उत्पादित सम्पूर्ण वस्तु मजबुत सञ्जाल मार्फत सजिलै बजारसम्म पुऱ्याउन सक्षम रहेको ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :**
उद्योग सञ्चालनमा आइसकेको हुनाले मूल्य अभिवृद्धिको जोखिम नरहेको ।

(ङ) **विदेशी विनिमयको जोखिम :**
उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ भारत, चीन, थाइल्याण्ड, इन्डोनेशिया, कोरिया, अष्ट्रिया लगायतका देशहरुबाट अमेरिकी डलरमा आयात गरिने हुदा विदेशी विनिमय परिवर्तन भएमा त्यसको असर पर्न जाने र उक्त असरलाई न्यूनिकरण गर्न समय समयमा Forward Contract कार्यान्वयन गर्ने नीति लिइएको छ । निर्यातबाट प्राप्त हुने विदेशी मुद्राले खामेको हदसम्म विदेशी विनिमयको जोखिम कभरेज गरिने छ ।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :**
हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानुनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
- हाल मध्यपूर्व तथा रसिया र युक्रेन बीच चलिरहेको युद्धको कारणले विश्व बजार तथा युरोपियन बजारमा मन्दि आएको र जसले गर्दा विश्व नै आर्थिक मन्दिबाट गुज्रिरहेको अवस्था छ । विश्व अर्थतन्त्रमा आएको मन्दीको कारणले मुलुकको अर्थतन्त्र पनि अछुतो रहन नसकेको अवस्थामा कम्पनीको मुनाफा प्रभावित हुने जोखिम रहेको छ ।
- अर्न्तराष्ट्रिय बजारमा क्षेत्रीयकरण र विश्वव्यापिकरणका कारण उद्योगलाई आयात गर्नु पर्ने कच्चा प्रदार्थको मूल्यमा आउन सक्ने उतारचढावका कारण हुने जोखिम रहेको हुँदा सो लाई न्यूनिकरण गर्नका लागि समयमा नै कच्चा प्रदार्थहरु पर्याप्त मात्रामा मौज्दातमा राख्ने नीति कम्पनीको रहेको छ ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
कर, भन्सार, उपकरणहरु आयातमा कुनै पनि नीतिगत परिवर्तन भएमा तथा छिमेकी मुलुकहरुबाट उत्पादन हुने धागो आयातमा कुने नीतिगत परिवर्तन हुन गएको अवस्थामा जोखिम हुने देखिन्छ ।

(झ) **सञ्चालन इतिहासको अभाव :**
वि.सं. २०५१ मा कम्पनी स्थापना भई उद्योगले मिति २०५४/०४/०१ गतेबाट विभिन्न किसिमका धागो उत्पादन गर्दै आएको छ । कम्पनीमा रहेका सञ्चालक र व्यवस्थापकहरुसँग उद्योग सञ्चालन सम्बन्धी २९ वर्षभन्दा लामो अनुभव रहेकोले उक्त जोखिम नरहेको ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**
कम्पनीले हाल प्रयोग गरिरहेको प्रविधिहरु उच्च गुणस्तरको रहेको तर विश्वव्यापी रुपमा नै नयाँ प्रविधिहरुको विकास भई नयाँ प्रविधि अनुसार उत्पादन गर्नुपर्ने अवस्था रहेमा कम्पनी समय सापेक्ष प्रविधिको अवलम्बन गर्न सक्षम रहेको छ ।

(ट) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :**
पुर्वाधार सम्बन्धी निर्माण सम्पन्न भैसकेकोले उक्त जोखिम नरहेको ।

(ठ) **अन्य :**
- दैवी प्रकोप, महामारी (कोरोना Covid-19) तथा काबु बाहिरको परिस्थिति उत्पन्न भई हुन सक्ने जोखिम ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु तथा विश्वव्यापी रुपमा आउन सक्ने आर्थिक मन्दीको जोखिम ।
- पूँजीबजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

अन्य जोखिमहरुलाई न्यूनिकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ :
सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्ने सम्बन्धमा यस कम्पनीले देहायका उपायहरु अपनाउने छ ।

(१) कम्पनीले वितरकको नियुक्ती कानुन बमोजिमको करार सम्झौता गरी नियुक्त गर्ने गरिएको र वितरकहरुलाई उधारोमा सामान बिक्री गर्दा हुन सक्ने जोखिमलाई ध्यानमा राखी वाणिज्य बैंकहरुबाट कम्पनीको पक्षमा जारी हुने बैंक ग्यारेण्टी लिई बैंक ग्यारेण्टीको सीमाभित्र रही कारोवार गरी आएको हुँदा बिक्री गरेको र केहि ग्राहकहरुसँग उधारोमा विल जारी गर्नु पूर्व कम्पनीको नाममा खिचिएको चेक प्राप्त गरेपछि मात्र सामान अपलोड गरी पठाउने व्यवस्था मिलाइ बिक्री भएको सामानको रकम प्राप्त नहुने जोखिम न्यूनिकरण गरिएको ।
(२) उद्योगले परियोजना अनुरुप बैंकबाट कर्जा सुविधा उपयोग गरी कम्पनी सञ्चालनमा रहेको हुँदा बैंक कर्जा उपलब्ध हुन नसकेका कारण थप आर्थिक जोखिम नआउने व्यवस्था मिलाइएको । व्याजदर वृद्धिबाट हुन सक्ने थप आर्थिक जोखिमलाई कम्पनीले व्याज खर्च समेत उत्पादन लागतमा गणना गरी वस्तुको उत्पादन लागत निकाली मूनाफा समेत जोडी बिक्री मूल्य तय गरिने नीति अवलम्बन गरिएका कारणबाट थप जोखिम न्युनिकरण गरिएको । विदेशी विनिमयको दरमा हुने परिवर्तनबाट पर्न जाने प्रभाव यस प्रकृतिका सबै उद्योगमा रहने हुँदा कुनै परियोजना विशेषका लागि मात्रै नकारात्मक प्रभाव पर्ने देखिदैंन । कम्पनीले जडान तथा प्रयोग गरेको प्रविधि अत्याधुनिक प्रविधियुक्त रहेकोले तत्काल प्रविधिको परिवर्तनबाट पर्न जाने जोखिम न्यून रहेको छ ।
(३) सरकारको मूख्य नीति नै स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना, विकास र विस्तार गरी देशमा आर्थिक विकास गर्ने भन्ने रहेको उद्योग मैत्री वातावरण कायम गर्न प्रतिवद्ध रहेको छ ।
(४) भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसबाट उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरण गर्न सम्पूर्ण सवारीका साधनहरु लगायत मेशिनरी पार्टपुर्जा, प्लान्ट उद्योग लगायत भवनहरु, कामदार, कर्मचारीहरुको बीमा गराएको छ ।

जोखिम न्यूनिकरणका लागि कम्पनीले गरेका बीमाहरु सम्बन्धी विवरण तपसील बमोजिम रहेको छ :

सि.नं.	बीमा सम्बन्धी विवरण	बिमांक रकम (रु.)	बीमा गरिएको कम्पनीका नाम	बीमाको वैधता (Validity)
१.	**बीमा लेख ९५०५०२/८१/२३/२४/०४/३१००००७ अन्तर्गत**		नेशनल ईन्स्योरेन्स कम्पनी लि. काठमाण्डौ	बीमाको वैधता अगष्ट ४, २०२३ देखि अगष्ट ३, २०२४ सम्म १ वर्षको लागि कायम रहेको छ ।
(क)	Stock of All Raw Materials, Waste & All Finished products at Factory Premises, Khanar	१,७८,५०,००,०००।००		
(ख)	Stock of All Raw Materials, Waste & All Finished products at godown Building at Kathmandu	१,५०,००,०००।००		
	जम्मा	**१,८०,००,००,०००।००**		
२.	**बीमा लेख ९५०५०२/८१/२३/२४/०४/३१००००४ अन्तर्गत**			
(क)	Stock of All Raw Materials, Waste & All Finished products at Factory Premises, Sunsari	११,५०,००,०००।००		
(ख)	Stock of All Raw Materials, Waste & All Finished products at godown Building	५०,००,०००।००		
	जम्मा	**१२,००,००,०००।००**		
३.	**बीमा लेख ९५०५०२ /८१/२३/२४/०४/३१००००५ अन्तर्गत**			
(क)	भवन परिसर (कम्पाउन्ड वाल सहित)	३४,८४,६०,५६७।००		
(ख)	भवनभित्र रहेको सम्पत्ति (यन्त्र तथा उपकरण)	१६,७६,८०,२३६।००		
(ग)	उद्योगमा रहेको अर्ध तयारी बस्त्र	८०,००,०००।००		
(घ)	फर्निचर, फिक्स्चर्स तथा फिटिङ्गस	१७,०८,५३४।००		
(ङ)	उद्योगभित्र रहेको अन्य सरसामान	२४,७४,४०२।००		
	जम्मा	**५२,८३,२३,७३९।००**		
४.	**बीमा लेख ९५०५०२/८१/२३/२४/०४/३१००००६ अन्तर्गत**			बीमाको वैधता अगष्ट १, २०२३ देखि जुलाई ३१, २०२४ सम्म १ वर्षको लागि कायम रहेको छ ।
(क)	भवन परिसर (कम्पाउन्ड वाल सहित)	३,००,४०,६४,४४८।००		
(ख)	भवनभित्र रहेको सम्पत्ति (यन्त्र तथा उपकरण)	८९,०२,६४,६४०४।००		
(ग)	उद्योगमा रहेको अर्ध तयारी बस्त्र	३०,००,००,०००।००		
(घ)	फर्निचर, फिक्स्चर्स तथा फिटिङ्गस	३,५३,७०,९८०।००		
(ङ)	उद्योगभित्र रहेको अन्य सरसामान	३,०५,९९,०६५।००		
	जम्मा	**१२,२७,२६,८०,८९७।००**		
५.	**सामुहिक दुर्घटना बीमा**			
	(बीमा लेख ९५०५०२/४६/२२/२३/AIG/११०००००२ अन्तर्गत)			
(क)	कार्यरत कर्मचारी एवं कामदारहरुको लागि	१,३२,००,०००।००		
	(बीमा लेख ९५०५०२/४६/२३/२४/AIG/११००००००१ अन्तर्गत)			
	कार्यरत कर्मचारी एवं कामदारहरुको लागि	३३,५४,००,०००।००		
	जम्मा	**३४,८६,००,०००।००**		
	कुल बिमांक रकम	१२,२२,१५,२३,५९९।००		

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :

बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा ९(३) मा भएको व्यवस्था बमोजिम तय गरिएको आधार मूल्य रु.७६०।०० मा २० प्रतिशत थप गर्दा कायम हुने मूल्य रु.९१२।०० लाई बिक्री मूल्य सीमाको माथिल्लो सीमा र आधार मूल्य रु.७६०।०० मा २० प्रतिशत घटाउँदा कायम हुन आउने मूल्य रु.६०८।०० लाई बिक्री मूल्य सीमाको तल्लो सीमा कायम गरी बिक्री मूल्य सीमा न्यूनतम रु.६०८।०० देखि अधिकतम् रु.९१२।०० कायम गरिएको र सो सीमाभित्र रही आशय पत्रमा उल्लेखित न्यूनतम धितोपत्र संख्या र मूल्यमा नघट्ने गरी अनिवार्य रुपमा नेपाल स्टक एक्सचेञ्ज लि.ले सञ्चालन गर्ने धितोपत्रको बोलकबोल प्रक्रियामा अनिवार्य रुपमा सहभागी हुनु पर्ने हुँदा शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लि.मा हुने कारोवार मूल्य नजनाउने भएको हँदा शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१६. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रिया :**
बिक्री मूल्य सीमाभित्र रही योग्य संस्थागत लगानीकर्ताहरुले नेपाल स्टक एक्सचेञ्ज लि.द्वारा सञ्चालन हुने बोलकबोल मार्फत शेयर खरीदका लागि आवेदन गर्नुपर्ने हुन्छ । सो आवेदन अनुसार शतप्रतिशत धितोपत्र बिक्री हुने मूल्य कट अफ मूल्य कायम हुने र कट अफ मूल्यभन्दा बढी मूल्यमा आवेदन गर्ने आवेदकले आवेदन गरे बमोजिम तथा कट अफ मूल्यमै आवेदन गर्ने आवेदकको हकमा माग गरे भन्दा कम शेयर उपलब्ध भएमा आवेदन गरेको अनुपातमा बाँडफाँट गरिने व्यवस्था रहेको छ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
बिक्री मूल्य सीमाभित्र रही योग्य संस्थागत लगानीकर्ताहरुले बोलकबोल मार्फत शेयर खरीदका लागि आवेदन गर्नुपर्ने र सो आवेदन अनुसार कट अफ मूल्य कायम हुने एवं शेयर बाँडफाँट गर्दा कट अफ मूल्यमा बाँडफाँट गरिने भएकोले कट अफ मूल्यभन्दा बढी मूल्यमा आवेदन गर्ने आवेदक, कट अफ मूल्यमा नै आवेदन गरी समानुपातिक रुपमा शेयर प्राप्त गर्ने आवेदक तथा कट अफ मूल्यभन्दा कम मूल्यमा आवेदन गरी बाँडफाँटमा नपरेका आवेदकको हकमा सम्बन्धित योग्य संस्थागत लगानीकर्ताहरुलाई फिर्ता गर्नु पर्ने रकम बुक विल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१३) (५) बमोजिम फिर्ता भुक्तानी वा बैंक खाता फुकुवा गरिनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
बुक विल्डिङ्ग निर्देशिका, २०७७ को निर्देशन नं. (१३) (५) मा भएको व्यवस्था बमोजिम बाँडफाँटमा नपरेको आंशिक/पूरै रकम फिर्ता गरिनेछ ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रक्रिया र समयावधी :**
योग्य संस्थागत लगानीकर्ताहरुको लागि निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा व्यवस्था भए अनुसार बाँडफाँट गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरी गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**
सो नभएको ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, कम्पनीले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँट गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि सिडिएस एण्ड क्लियरिङ्ग लि. मा दर्ता तथा नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकरण गराई सर्वसाधारणमा बाँडफाँट भएको मितिले छ (६) महिना पश्चात् योग्य संस्थागत लगानीकर्ताहरुले कारोवार गर्न सकिने व्यवस्था मिलाइनेछ ।

१७. प्रत्याभूति सम्बन्धी विवरण :

बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताहरुको लागि ४० प्रतिशत अर्थात ७,७०,६४० शेयरको हकमा प्रत्याभूति गर्नुनपर्ने भएकोले उक्त शेयर जारी गरी बाँडफाँट गरे पश्चात् सर्वसाधारणमा जारी हुने बाँकी ६० प्रतिशत अर्थात ११,५५,९६० शेयरको हकमा प्रत्याभूतिकर्ता नियुक्त गरिने छ ।

१८. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :

कम्पनीले आफ्नो जारी पूँजी रु.१,९०,००,००,०००।- (अक्षरेपी एक अर्व नब्बे करोड मात्र) को १०.१४ प्रतिशतले हुन आउने रु.१९,२६,६०,०००।- (अक्षरेपी उन्नाइस करोड छब्बीस लाख साठी हजार मात्र) बराबरको प्रति कित्ता अंकित मूल्य रु.१००।- दरको १९,२६,६०० कित्ता शेयर बुक बिल्डिङ विधि मार्फत सार्वजनिक निष्काशन गर्न लागेको र सो मध्ये ४० प्रतिशत अर्थात ७,७०,६४० कित्ता शेयर योग्य संस्थागत लगानीकर्तालाई बुक बिल्डिङ विधि मार्फत सार्वजनिक निष्काशन गर्ने सम्बन्धी प्रक्रियागत व्यवस्था देहाय अनुसार रहेको छ ।

(क) **बोलकबोल गर्नुपर्ने :**
विवरणपत्र प्रकाशन गरी योग्य संस्थागत लगानीकर्ताहरुबाट प्राप्त आशय मूल्यको आधारमा आधार मूल्य तय गरी धितोपत्रको बिक्री मूल्यको सीमा समेत उल्लेख भएको विवरणपत्र बोर्डबाट स्वीकृत प्राप्त भएपछि बोलकबोलको प्रक्रिया देहाय बमोजिम हुनेछ :

१. विवरणपत्र प्रकाशन गर्न बोर्डबाट स्वीकृत प्राप्त भएको बढीमा १० (दश) कार्यदिनभित्र निष्काशन तथा बिक्री प्रबन्धकले योग्य संस्थागत लगानीकर्ताहरुलाई बोलकबोलमा सहभागी हुन आव्हानपत्र प्रकाशन गर्नुपर्दछ ।
२. आह्वानपत्र प्रकाशन भएको ७ (सात) कार्य दिन पछि बोलकबोलमा भाग लिने व्यवस्था गर्नुपर्नेछ ।
३. बोलकबोल शुरु भएको ४ (चार) कार्यदिन सम्म बोलकबोल खुला राख्नुपर्नेछ र आवश्यक भएमा बोर्डको स्वीकृति लिई बोलकबोलको समयावधि थप गर्न सकिनेछ ।
४. योग्य संस्थागत लगानीकर्ताले बोलकबोलका लागि आवेदन गर्दा बिक्री मूल्य सीमाभित्र रही आफुले लिन चाहेको धितोपत्रको लागि आवेदन पेश गर्नुपर्ने छ ।
५. आशय मूल्य पेश गरेका योग्य संस्थागत लगानीकर्ताले बोलकबोलका लागि आवेदन गर्दा यस अघि नै पेश गरेको आशय पत्रमा उल्लेख गरिएको धितोपत्रको संख्या र आशय मूल्यभन्दा कम हुने गरी बोलकबोल गर्न पाइनेछैन ।
६. योग्य संस्थागत लगानीकर्ताले धितोपत्रको बिक्री मूल्यको माथिल्लो सीमाभन्दा जतिसुकै बढी रकमको आशय मूल्य उल्लेख गरी आशय पत्र पेश गरेतापनि उल्लेख गरिएको धितोपत्रको संख्या कम नहुने गरी बिक्री मूल्य सीमाको माथिल्लो सीमा रकममा अनिवार्य रुपमा बोलकबोलमा पेश गर्नु पर्नेछ ।
७. कुनै एक योग्य संस्थागत लगानीकर्ताले निष्काशित धितोपत्रको २० प्रतिशतभन्दा बढी धितोपत्रको लागि बोलकबोल प्रस्ताव पेश गर्न पाउने छैन ।
८. निष्काशन कम्पनीसँग कुनै स्वार्थ बाझिने भएमा योग्य संस्थागत लगानीकर्ता बोलकबोल प्रक्रियामा सहभागी हुन पाउने छैन ।
९. योग्य संस्थागत लगानीकर्ताले कबोल गरेको शतप्रतिशत रकम तोकिएको निष्काशन बैंक खातामा जम्मा गर्नुपर्ने वा आवेदकको बैंक खातामा रोक्का राख्नुपर्ने वा गुड फर पेमेन्ट चेक पेश गर्नु पर्नेछ ।
१०. बोलकबोल प्रक्रिया नियमक निकायले तोकेका अवस्थामा सोही बमोजिम गर्नु पर्नेछ ।
११. विवरणपत्र मार्फत निष्काशन गरिने सावजनिक शेयरका लागि योग्य संस्थागत लगानीकर्ताहरुले गोप्य शीलबन्दी बोलपत्र फारमका साथ सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी, स्थायी लेखा नं. (PAN), नविकरण गनुपर्ने भए नविकरण गरेको कम्पनी दर्ता प्रमाण पत्र र कम्पनी अद्यावधिक भएका पत्र, सम्बन्धित संस्थाबाट प्राप्त ईजाजतपत्र, प्रबन्धपत्र र नियमावली (संशोधन गरिएको भए संशोधन समेत), कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नरहेको प्रमाणित हुने सम्बन्धित निकायको पत्र पेश गर्नु पर्नेछ ।

(ख) **कट अफ मूल्य निर्धारण गर्नुपर्ने :**
१. बोलपत्र पेश गर्ने अन्तिम मितिको भोलिपल्ट धितोपत्र बजारले योग्य संस्थागत लगानीकर्तालाई निष्काशित धितोपत्र पूर्ण रुपमा बिक्री हुने गरी प्राप्त बोलकबोलको कट अफ मूल्य निर्धारण भएको जानकारी गराउनेछ ।
२. कट अफ मूल्य निर्धारण गरेपछि कट अफ मूल्य र सो भन्दा माथिको मूल्यमा कबोल गर्ने सबै आवेदनकर्ताहरुलाई माग बमोजिमको धितोपत्र कट अफ मूल्यमा बाँडफाँट गर्नुपर्नेछ ।
३. कट अफ मूल्यमा आवेदन गर्ने लगानीकर्तालाई माग बमोजिमको धितोपत्र बाँडफाँट गर्न नपुगेमा समानुपातिक रुपमा बाँडफाँट गर्नुपर्नेछ ।
४. योग्य संस्थागत लगानीकर्ताले कबोल गरेको मूल्य कट अफ मूल्य भन्दा कम भएमा त्यस्तो योग्य संस्थागत लगानीकर्तालाई धितोपत्र बाँडफाँट गरिने छैन ।

(ग) **सर्वसाधारणमा धितोपत्र जारी गर्नुपर्ने :**
१. निष्काशन कम्पनीले योग्य संस्थागत लगानीकर्तालाई धितोपत्र बाँडफाँट गरेको ७ (सात) कार्यदिनभित्र सर्वसाधारणलाई छुट्याएको ६० प्रतिशत धितोपत्रको सार्वजनिक निष्काशन गर्न बोर्डमा संशोधित विवरणपत्र स्वीकृतिका लागि पेश गर्नुपर्नेछ । सो संशोधित विवरणपत्रमा कट अफ मूल्य, धितोपत्र बाँडफाँट भएका योग्य संस्थागत लगानीकर्ताको नामावली, बाँडफाँट भएको धितोपत्रको संख्या तथा स्वीकृत विवरणपत्रमा निष्काशन कम्पनीको प्राविधिक, वित्तीय र व्यवस्थापन पक्षमा कुनै परिवर्तन भएको भए त्यस्तो परिवर्तन भएको विषय समावेश गरी पेश गरिनेछ ।
२. सर्वसाधारणमा शेयर जारी गर्दा संस्थागत योग्य लगानीकर्तालाई निर्धारण भएको कट अफ मुल्यमा १० प्रतिशत छुट दिई निष्काशन गर्नुपर्नेछ ।
३. निष्काशन कम्पनीको निवेदनसाथ प्राप्त विवरणपत्रमा उल्लेखित विषय वा तथ्यहरुको प्रस्तुतीबाट बोर्ड सन्तुष्ट भएमा ७ (सात) कार्यदिनभित्र त्यस्तो विवरणपत्र प्रकाशन गर्न बोर्डले स्वीकृति प्रदान गर्नेछ ।
४. बोर्डबाट विवरणपत्र स्वीकृत भएको ७ (सात) कार्यदिनभित्र आव्हानपत्र प्रकाशन गरिसक्नुपर्नेछ ।
५. निष्काशन कम्पनीले धितोपत्र बिक्री खुल्ला गरिने दिनभन्दा ७ (सात) कार्यदिन अगावै सार्वजनिक जानकारीको लागि आव्हानपत्र प्रकाशन गर्नुपर्नेछ ।
६. सर्वसाधारणले धितोपत्र खरिदका लागि आवेदन दिने न्यूनतम संख्या ५० कित्ता हुनुपर्ने र धितोपत्र बाँडफाँट गर्दा पनि प्रति आवेदक न्यूनतम ५० कित्ता पाउने गरी बाँडफाँट गर्नुपर्नेछ ।
७. सर्वसाधारणमा धितोपत्र निष्काशन तथा बाँडफाँट सम्बन्धी अन्य व्यवस्था धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ र धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीय विद्युतिय सेवा सञ्चालन निर्देशिका, २०७४ बमोजिम हुनेछ ।

(ग) **कम्पनीको प्रबन्धपत्र, नियमावली तथा विवरणपत्र प्राप्त गर्ने वा हेर्न सकिने स्थानहरु :**

क्र.सं.	कम्पनीको नाम र ठेगाना	कैफियत
१.	निष्काशनकर्ता कम्पनी : श्री रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, कमलादी गणेशस्थान, काठमाण्डौं ।	कार्यालय समयभित्र सम्पर्क राखि प्राप्त गर्न वा हेर्न सकिनेछ ।
२.	निष्काशन तथा बिक्री प्रबन्धक : श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं ।	
३.	नेपाल धितोपत्र बोर्डको वेबसाइट : www.sebon.gov.np	विवरणपत्र हेर्न सकिनेछ ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.१,९०,००,००,०००।-(अक्षरेपी एक अर्ब नब्बे करोड मात्र) को १०.१४ प्रतिशत शेयर सार्वजनिक निष्काशनको लागि छुट्याइएकोमा सो अनुसार हुन आउने १९,२६,६०० [७,७०,६४० कित्ता शेयर योग्य संस्थागत लगानीकर्ताहरुको लागि र ११,५५,९६० कित्ता शेयर सर्वसाधारण (कम्पनीमा कार्यरत कर्मचारीहरु समेत)] को लागि बुक विल्डिङ्ग विधि मार्फत निष्काशन गर्न लागिएको र उक्त निष्काशनबाट प्राप्त हुने रकम उद्योगको उत्पादन विविधिकरण एवं क्षमता वृद्धि गर्न उपयोग गर्ने योजना रहेको छ ।

निष्काशनबाट प्राप्त हुने रकम प्रयोग गरिने क्षेत्र	निष्काशनबाट प्राप्त हुने गरि प्रक्षेपण गरिएको रकम (रु.)
Cotton Yarn / Polyester Cotton Yarn को उत्पादन क्षमता वृद्धि गर्नका लागि अत्याधुनिक मेसिन, उपकरण खरीद गर्न प्रयोग हुने ।	१,०१,१४,६५,०००।००
परियोजना विस्तारको लागि जग्गा खरीद गर्न ।	९,७६,७८,६२०।००
परियोजना विस्तारको लागि खरीद गरेको जग्गामा भवन निर्माण ।	३३,५८,०६,३८०।००
जम्मा	१,४४,४९,५०,०००।००

२०. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

क्र.सं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.	खाताको नाम
१.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड, कान्तिपथ, काठमाण्डौं	००१०१०१००७९१०७	GICL-BTI Reliance Spinning Mills IPO

साथै, आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२१. धितोपत्र बिक्री खुल्ला अवधि :

बुक विल्डिङ्ग विधि मार्फत योग्य संस्थागत लगानीकर्ताहरुका लागि निष्काशन गरिने शेयरका लागि बोलकबोल शुरु भएको चार कार्य दिनसम्म खुला राख्नु पर्नेछ र आवश्यक भएमा बोर्डको स्वीकृति लिई बोलकबोलको समयावधि थप गर्न सकिनेछ ।

२२. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् ।

१. निष्काशनकर्ता कम्पनीको तर्फबाट श्री रबिन्द्र बस्नेत - फोन नं.०१-५३४१८५३, ०१/५३२६०८१ तथा इमेलः info@reliancespinningnepal.com ।
२. निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट श्री छविलाल शर्मा पौडेल - फोन नं.०१-५९७०१३८ तथा इमेलः info@gicl.com.np ।

धितोपत्र निष्काशनको क्रममा प्रकाशन गरिने सम्पूर्ण सूचनाहरु तथा विवणपत्र निष्काशनकर्ता कम्पनी, निष्काशन तथा बिक्री प्रबन्धक र सह-निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटमा राखिने व्यहोरा समेत सम्बन्धित सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US

ग्लोबल आइएमई क्यापिटल लि.
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-५९७०१३८, फयाक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com